gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक



एभरग्रीन कपको उपाधि आयोजकलाई

- विस्तृत अन्तिम पृष्ठमा

वर्ष ८ अङ्क ४९ पूर्णाङ्क ३८७ | आइतवार, भाद्र १२, २०७३ | Aug 28, 2016, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-

# झाँगिदै मदिरा संस्कार

- सुरक्षा र स्वास्थ्यमा असर
- पचास करोडको कारोबार
- सबै समुदाय र क्षेत्रमा प्रभाव
- कारोबार अझै कानुनी दायरा बाहिर



कोष तथा लेखा नियन्त्रकको कार्यालयमा शुक्रबार मदिराको कारोबारका लागि इजाजतपत्र नविकरण गर्दै बेनीका एक होटल ब्यवसायी । तस्विरः नवविकल्प

■ सन्तोष गौतम/नवविकल्प

२०७३ साउन २१ गते बेनपा १ रत्नेचौर धिमालथर स्थित आफ्नै घरबाट वेपत्ता भएका ५१ वर्षिय मिनबहादुर राना (रोका) तिन दिनपछि मृत अवस्थामा फेला परे । घर नजिकैको मकैबारीमा साउन २३ गते बिहान घाँटीमा गहिरो चोट रहेको अवस्थामा फेला परेको रोकाको शव नजिकै खुकुरी पनि थियो ।

घटनाको प्रकृती हेर्दा रोकाको हत्या भएको अनुमान गरेको प्रहरीले थप अनुसन्धानबाट फरक तत्थ्य फेला पर्‍यो । 'घरपरिवार, आफन्तको भनाई र अन्य तत्थ्यहरूको अनुसन्धान गर्दा रोकाले आत्महत्या गरेको पाइयो' जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरूले भन्नुभयो 'उनले आत्महत्या गर्नुको मुख्य कारण अत्याधिक मदिरा सेवन हो ।'

साउन २१ गते राती १२ बजेसम्म आफन्तकोमा मदिरा सेवन गरि घरमा आएर सुतेका भारतीय सेनाका भुपु समेत रहेका रोका बिहान कोठामा नभेटिएपछि स्थानीयले प्रहरीलाई खबर गर्नुका साथै खोजी गरेका थिए । परिवारका सदस्य र

बाँकी पृष्ठ ७ मा

# मजदुर ठग्ने ठेकेदारलाई कारवाही भएन

■ नवविकल्प



म्याग्दीका एक जना निर्माण ब्यवसायीले करिब अठार लाख ठगी गरेको भन्दै प्रशासनमा उजुरी परेको छ । मजदुरहरूले उजुरी गरेपनि प्रशासनले कुनै कारवाही गरेको छैन । श्रम गरेवापत पाउनु पर्ने पारिश्रमिक नपाएका मजदुरहरू यतिखेर निराश छन् । मजदुर ठग्ने ठेकेदार भने सदरमुकाममै सानसाथ हिडडुल गर्दछन् ।

मौवाफाँट-दग्नाम-चिमखोला सडक आयोजनाको दवाङ भिरमा सडक निर्माणको काम गरेका रामकृष्ण कन्ट्रक्सनका प्रतिनिधि निर्माण ब्यवसायी लोकबहादुर मल्लले ज्याला माग्दा ज्यान मार्ने धम्की दिएको भन्दै मजदुरहरूले सुरक्षाको माग गर्दै प्रशासनमा उजुरी दर्ता गराएका छन् ।

दग्नामका छबहादुर गर्बुजा, फेसन तिजीजा, धकबहादुर गर्बुजा, देबि गर्बुजा,

बाँकी पृष्ठ ७ मा

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

बागलुङ देवी सुन चाँदी गहना पसल

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी

फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)

९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

STUDY & WORK IN JAPAN

Admission Open .........

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Prep-eration Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in Japan
for more detail visit us.............

S. Raj Language Institute (P) Ltd.

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

सूचना

मिहिनेतको कमाइको सम्मान गर्ने बानी बसालौं, भ्रष्टाचारमुक्त समाजको निर्माणमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार

सूचना तथा सञ्चार प्रविधि मन्त्रालय

सूचना विभाग

# बोली

## लक्ष्मण शर्मा



म्याग्दी अस्पतालमा १०० जना बिरामीको अप्रेशन सफल भएको उपलक्ष्यमा भोज खाने तयारी गर्दै रहँदा बिद्युत अफिसमा ८ महिना देखिको बिद्युत महसुल नतिरेको कुरा सुन्नमा आयो। बास्तबिकता के रहेछ ?

## गोपाल पौडेल



हैन बिरामिको अप्रेशन गरेपछि भोज खाने चलन रहेछ कि क्या हो नियम होकी के हो बुझेर नियम नभए जनार्दनलाइ लाइन काट्न खबर गर्नु पर्‍यो लक्ष्मण जि।

## चन्द्र केसी



साथी भोज खाँदा कहिल्यै सरकारी पैसाले खादैन, यो त आफै उठाएर खान्छ । अनि महिनामा ४०/५० हजारको बिजुलिको बिल आउँछ , ८ महिनाको १ लाख कसरी बाँकी भए होला । अनि सरकारले बार्षिक बिजुलिको लागि ८०,००० रूपियाँ पठाउँछ । एक पटक बुझेर छलफल गरौ ।

## प्रकाश पौडेल



आइतराम परियार नेतृत्वको अस्पताल मन पराउनु भएका मित्रहरुलाई पछिल्लो नेतृत्व मन परेको छैन जस्तो लाग्यो ?

## हिक्मत श्रेष्ठ



मैले एउटा किताब लेख्दैछु । त्यसमा म्याग्दीमा अथवा बेनीमा घटेका घटनाहरू जस्तै म्याग्दीका मान्छेहरूको विभिन्न ब्यापारको बाहानामा पैसा लिएर ठगि गरेको र अहिले आएर राजनीति मार्फत ढाकछोप गरिराखेको, पत्रकारिता जस्तो बिधामा हस्तछेप गर्ने र बिभिन्न बिकासको नाममा आफ्नो र आफ्ना मान्छेको बिकास गरेको, जातीय हिसाबमा संघ संस्थालाई उथलपुथल पारेको, यस्तै यावत कुराहरू किताबमा प्रमाण साथ उल्लेख गर्ने छु ।

## सुदिन पौडेल



निजीकरण र ब्यापारिककरणको मानसिकता बोकेकाहरूले नेतृत्व गरेका जुनसुकै संस्थाहरू चाहे त्यो कुनै शैक्षिक संस्था होस चाहे त्यो कुनै सेवामुखी संस्था होस सबैमा निजीकरणको गन्ध मिसाईको अनुभुती जनताले महसुस गरिरहेका छन् ।

## प्रकाश बानियाँ



बेनीबाट पोखरा आएको टेक्सीको ६०० को दरले ४ जनाको २४०० सय हुन्छ, जीपको नि ४०० को दरले ८ जनाको ३२०० हुन्छ तर लायन्स क्लब म्याग्दी बेनीको एम्बुलेन्सको ४५०० सेवामुखी कि आम्दानी मुखी खै के खै के ।

## मोहन पौडेल



जनताले तिरेको करबाट तलब र भत्ता खाने एउटा कर्मचारी जनताप्रती बफादार हुनु पर्दछ। जब जनता प्रतिको बफदारिता बिर्सिएर आफुलाइ तुच्छ र घृणित क्रियाकलापमा संलग्न गराउने प्रयत्न गरिन्छ तब जनताबाट स्वभाविक प्रतिकार हुने गर्दछ। आजको कर्मचारी हिजोका जिमुवाल र मुखिया प्रवृत्ति बाट माथी उठ्न नसक्नु दुर्भाग्यपुर्ण छ। कुनै कर्मचारी स्थानीय जनताको एकता र सामाजिक सद्भाव बिथोल्ने कार्यमा सम्लग्न हुन्छ भने कर्मचारी भएकैले उन्मुक्ति पाउनु हुँदैन कानुनको कठघरामा उभ्याउनु पर्दछ। (सन्दर्भ कुश्मा नगरपालिका)

## दिवान छन्त्याल



आज भोलि दिनानुदिन बस दुर्घटनाको खबरले हामी सारा नेपालीको मन दुखाएको छ । राज्यद्वारा यातायात सम्बन्धित बनाएको आधारभूत नियमलाई सम्बन्धित पक्ष र राज्यको निगरानी फितलो भएका कारण यो दुरदशा देख्नु परेको हो ।

## नीराजन थापा



बेनीमा केही मान्छेलाई के लागेछ भने अस्पताल विकास समितिको अध्यक्षले खल्तीबाट पैसा झिकेर बिजुलीको बक्यौता तिर्नुपर्छ ! ए सरापेहरू हो राम्रो गरेकालाई त राम्रो गर्‍या छ भनिदेऊ । चन्द्रकुमार केसीसँग मेरा पनि बिमति होलान् तर वहाँले गरेको योगदानको अवमूल्यन त हुनुभएन नी ! दुधले नुहाएको को छ ?

## हरिप्रसाद पौडेल



राम्रोलाई राम्रो भन्दै गलत भएमा गलत भन्ने आँट गर्न सक्नुपर्छ । सफलतामा खुसी प्रकट गर्नु मानवीय गुण नै हो । म्याग्दी जिल्ला अस्पतालमा केही सुधार देखिएकै छ । कमीकमजोरी सचाउँदै जानु उपयुक्त हो कि !

# फोटो कथा

सन्तोष गौतम





*सिपले बनायो सक्षम : बेनी नगरपालिका ४ हाँडेभिर स्थित साझा सुबिधा गृहमा अल्लो धागोबाट ढाका बुन्दै उद्यमी । म्याग्दीका उद्यमीहरुले ढाका बुनाइ गरेर राम्रो आम्दानी गर्दै आएका छन् ।*



*राधाकृष्ण : कृष्णजन्माष्टमी पर्वको अवसर पारेर न्यु वेष्ट पोइन्ट मन्टेश्वरीले बिहीबार बेनीमा निकालेको रथयात्रामा सहभागी बालबालिका । कृष्णजन्माष्टमी पर्वका अवसरमा बेनीमा लिटिल गार्डेन एकेडेमीका बालबालिका र लक्ष्मीनारायण मन्दिर संरक्षण समितिले पनि रथयात्रा गरेका थिए ।*



*हिमालको फेदीमा : बेनी नगरपालिका १ रत्नेचौरको फाँटबाट आकाश खुलेपछि पृष्ठभुमिमा देखिएको धौलागिरि हिमालको मनमोहन दृष्य । पहाडी जिल्ला म्याग्दीका थुप्रै गाउँबस्ती र टाकुराहरु हिमाल, सुर्योदय अवलोकन र प्राकृतिक सौन्र्ययतामा रमाउनेहरुका लागि पर्यटकीय गन्तब्य बन्न सक्ने सम्भावना छ ।*

# बिस वर्षमुनीमै गर्भवती हुने संख्या वढ्दो

■ नवविकल्प

म्याग्दीका करिब एक चौथाई गर्भवतीहरू बिस वर्षअघिनै आमा बन्ने गरेका छन् । गत आर्थिक वर्ष २०७२र७३ मा स्वास्थ्य संस्थाहरूमा गर्भजाँच गराएका मध्य २४.८१ प्रतिशत बिस वर्ष भन्दा कम उमेरका रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । दुई हजार २८६ जनाले गर्भजाँच गराएकोमा ५६८ जना बिस वर्षभन्दा कम उमेरका रहेका कार्यालयकी परिवार स्वास्थ्य कार्यक्रम संयोजक सिनियर अनमी लिला गौतमले जानकारी दिनुभयो ।

कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७१/७२ मा बिस वर्ष भन्दा कम उमेरका गर्भवतीको संख्या २८.२६ र २०७०/७१ मा ३२ प्रतिशत थियो । किशोरी तथा युवतीहरू शारिरीक, मानसीक र संवेगात्मक रूपमा परिपक्क नभईकन् आमा बन्न बाध्य भएका हुन् । बिस वर्षअघि बच्चा जन्माउनुलाई आमा र बच्चा दुवैको स्वास्थ्यका हिसाबले जोखिमयुक्त मानिन्छ ।

बिस बर्षअघिनै बच्चा जन्माउँदा छिटो बच्चा जन्माउने दर हुने, पाठेघर खस्ने, शारिरीक कमजोरी, औंसत आयुमा असर, बच्चामा कुपोषण र अपाङ्गता हुने जस्ता समस्या देखिने गरेको जिल्ला जनस्वास्थ्य अधिकृत नारायण प्रसाद चौधरीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो केही वर्षयता बिस वर्ष भन्दा कम उमेरमा आमा बन्नेहरूको संख्या घटेपनि मातृ, शिशू स्वास्थ्यका हिसावले चुनौती रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार जिल्लामा रहेका ५७ हजार ३९८ जना बिवाहीत जनसंख्या मध्य बिस वर्षअघिनै बिवाह गर्नेको संख्या ५१.६० प्रतिशत छ ।

यसैगरी म्याग्दीका साठी प्रतिशत गर्भवतीहरूले मात्र सुरक्षित प्रसुती सेवा लिने गरेका छन् । भौगोलिक बिकटता, सबै स्वास्थ्य संस्थामा प्रसुती गृह नहुनु, चेतनाको कमी, यातायातका साधनको भरपर्दो ब्यवस्था नहुने एवं आर्थिक अभावका कारण चालीस प्रतिशत गर्भवतीहरूमा सुरक्षित प्रसुती सेवा पुग्न नसकेको हो ।

गत आर्थिक वर्ष २०७२/७३ मा साठी प्रतिशत अथवा एक हजार ३९१ जनाले मात्र स्वास्थ्य संस्थाबाट प्रसुती सेवा लिएका परिवार स्वास्थ्य कार्यक्रम संयोजक गौतमले बताउनुभयो । उहाँका अनुसार म्याग्दीका ४१ मध्य २४ वटा स्वास्थ्य संस्थामा प्रसुती गृह सञ्चालन गरिएको छ । रूम, निस्कोट, ओखरबोट, बाबियाचौर, भिँ, हिस्तान, दोवा, बेग, चिमखोला, कुईनेमंगले, मल्कवाङ, दाना, नारच्याङ लगायत १७ वटा स्वास्थ्य संस्थामा अझै प्रसुती गृह स्थापना हुन सकेको छैन् ।

सुरक्षित प्रसुती सेवा लिनेहरूको संख्या आर्थिक वर्ष २०७१/७२ मा ५०.२८ र २०७०/७१ म ३८ प्रतिशत थियो । घरमै सुत्केरी हुनुलाई मातृ शिशू स्वास्थ्यका हिसावले जोखिमपूर्ण मानिन्छ । मातृ शिशू मृत्युदर र जोखिम न्युनीकरणका लागि सरकारले स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई यातायात खर्च वापत एक हजार रूपैया नगदको साथमा आमा र बच्चालाई कपडा उपलब्ध गराउदै आएको छ । गर्भअवस्थामा तोकिएको चार पटकको मितिमा गर्भजाँच गराउनेलाई थप चार सय रूपैया पनि उपलब्ध गराउने सुबिधा रहेको छ ।

# बेनीमा राधाकृष्णको रथयात्रा

■ नवविकल्प

बेनीमा शुक्रबार राधाकृष्णको रथयात्रा सम्पन्न भएको छ । कृष्णजन्माष्टमी पर्वको अवसरमा बेनीमा रहेको लक्ष्मीनारायण मन्दिर संरक्षण समिति र लिटिल गार्डेन एकेडेमीको पुर्व प्राथमिक तहले छुट्टा छुट्टै रथयात्रा गरेका हुन् ।

लक्ष्मी नारायण मन्दिर परिसरबाट झाँकी र भजन किर्तन सहित सुरू भएको रथयात्रा बजार परिक्रमा गरेर सोही ठाउँमा पुगी समापन भएको थियो । श्रीकृष्ण जन्माष्टमीको मध्यरात सम्म पुजाआजा हुने लक्ष्मी नारायण मन्दिर परिसरबाट भोलीपल्ट रथयात्रा निकाल्ने चलन रहेको छ ।

यसैगरी लिटिल गार्डेन एकेडेमीको पुर्व प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सहभागितामा पनि श्रीकृष्ण रथयात्रा गरिएको छ । विद्यालय परिसरबाट सुरू भएको रथयात्रा अस्पतालचोक, शिक्षामार्ग, न्युरोड, लोकतान्त्रीक चोक, बालमन्दिरचोक, संगमचोक, गणेश टोल हुदै सोही ठाउँमा पुगेर सकिएको थियो ।

शिक्षक, शिक्षीका, सञ्चालक, कर्मचारी र विद्यार्थीहरू राधा र कृष्णको भेषमा सजिएर रथयात्रामा सहभागि भएका थिए । बालबालीकाहरूलाई चाडपर्व, संस्कृती र परम्पराको बारेमा ज्ञान होस भन्ने उद्देश्यले रथयात्रा गरिएको विद्यालयका प्रिन्सीपल प्रशान्तराज खनालले बताउनुभयो ।

यसैगरी नेपाल भाषा मंका खल म्याग्दीको टोलीले तनहुँको आबुखैरेनीमा पुगेर लाखे र नागानागीनी नाच प्रर्दशन गरेका छन् । आबुखैरेनीको भाषा मंका खलको निमन्त्रणामा त्यहाँ श्रीकृष्ण जन्माष्टमी पर्वको अवसरमा लाग्ने मेलामा गएर नाच प्रर्दशन गरिएको भाषा मंका खल अन्तरगतको ल्याम पूचका अध्यक्ष सुबिन श्रेष्ठले जानकारी दिनुभयो ।

# चार वर्षमा तिन किलोमिटर ट्र्याक खुल्यो

■ नवविकल्प

म्याग्दीको नारच्याङमा तिन किलोमिटर सडकको ट्र्याक निर्माण गर्न चार वर्ष लागेको छ । नारच्याङको बेशी देखि लेकगाँउ जोड्ने सडकको तिन किलोमिटर ट्र्याक निर्माण गर्न चार वर्ष लागेको हो । भौगोलिक प्रतिकुलता र बजेट अभावका कारण चार वर्षमा आधा पनि सडक निर्माण भएको छैन् ।

सडक निर्माण कार्यले पूर्णता नपाउँदा लेकगाउँका बासिन्दाको गाडी चढ्ने रहर अधुरै छ । वि.स २०६९ मा बेशीगाउँदेखि लेकगाउँ जोड्ने आठ किलोमिटर दुरीको सडक निर्माण सुरू भएको थियो । बेशीगाउँदेखि तिन किलोमिटर माथि पर्ने राकाताको भिरमा पुगेर सडक अघि बढ्न सकेको छैन् ।

जिविस, गाविस र उपभोक्ताको गरेर हालसम्म २९ लाख रूपैया सो सडक निर्माणमा खर्च भैसकेको उपभोक्ता समितिका अध्यक्ष सोमप्रसाद पुर्जाले बताउनुभयो । चट्टानी पहाड र भिरालो ठाउँमा सडक निर्माणका लागि पर्याप्त बजेट र निर्माण सामाग्रीको अभावको कारण समस्या उत्पन्न भएको अध्यक्ष पुर्जाले बताउनुभयो ।

गत आर्थिक वर्ष २०७२र७३ मा जिविसले पाँच लाख र गाविसले तिन लाख ६० हजार रूपैया छुट्टाएको थियो । अघिल्लो वर्ष जिविसले १४ लाख रूपैया बजेट उपलब्ध गराएको उक्त योजनामा गत वर्ष बजेट घटेपछि लक्ष्य अनुसार काम हुन सकेन् । भिरमा सडक बनाउन बिस्फोटक पदार्थको प्रयोग गर्नुपर्ने उपभोक्ता समितिको भनाई छ ।

राकाताको भिरबाट लेकगाउँ जोड्न थप पाँच किलोमिटर सडक बनाउनुपर्छ । एक करोड रूपैया बजेट भएमा लेकगाउँसम्म सडक पुर्‍याउन सकिने अध्यक्ष पुर्जाले बताउनुभयो । उक्त सडक निर्माण भएमा नारच्याङ्को पाँच सय घरधुरी बासिन्दा लाभान्वित हुने जनाएको छ । निलगिरी र अन्नपूर्ण हिमालको पृष्ठभुमिमा रहेको लेकगाउँसम्म सडक पुगेमा आन्तरीक तथा बाह्य पर्यटकको पनि आगमन बढ्ने अपेक्षा गरिएको छ । सामान ढुवानी, आलु लगायत कृषि उपज निकासी गर्न सडक अभावमा समस्या भएको छ । बिरामीलाई डोको र स्ट्रेचरमा बोकेर स्वास्थ्य संस्थासम्म लैजानुपर्ने बाध्यता रहेको छ ।

# ५५ लाख रुपैयाँ जुटाएर किन्दुमा सडक

■ नवविकल्प

म्याग्दीको शिख ५ किन्दुका बासिन्दाले आधा करोड रूपैयाँ भन्दा बढी लगानीमा गाउँलाई सडक सञ्जालसंग जोडेका छन् ।

किन्दुका बासिन्दाले ५५ लाख रूपैयाँको लागतमा गाउँमा सडक पुर्‍याएका हुन् । शिख स्वाँत हुदै किन्दु जोड्ने पाँच दशमलक पाँच किलोमिटर सडक स्थानीय बासिन्दाको सक्रियतामा निर्माण भएको शिख गाविसका सचिव खेमराज पौडेलले बताउनुभयो ।

सो सडक निर्माणका लागि गाविस कार्यालयले गत आर्थिक वर्ष २०७२र७३ मा ३६ हजार रूपैया मात्र अनुदान दिएको थियो । पोखरा, काठमाडौ र बिदेशमा रहेका किन्दुका बासिन्दाको सहयोगमा सडक निर्माण भएको सचिव पौडेलले बताउनुभयो ।

गाउँका साथै पोखरा, काठमाडौ र बिदेशमा चन्दा संकलन गरेर सडक निर्माण गरिएको हो । किन्दु गाउँमा सडक पुगेपछि ५५ घरधुरी लाभान्वित भएका छन् । सडक निर्माण भएपछि स्थानीय बासिन्दालाई आवत जावत, ढुवानी गर्न र आलु निकासी गर्न सुबिधा पुगेको छ ।

# दुई ठाउँमा मोटरेबल पुल निर्माण हुँदै

■ नवविकल्प

जिल्ला विकास समिति म्याग्दीले यस वर्ष करिब साढे चार करोड रूपैयाँको लागतमा दुई वटा मोटरेबल पुल निर्माण प्रक्रिया अघि बढाएको छ ।

बेनी-दरवाङ सडक अन्तरगत दुखुखोला र शिखको स्वाँत खोलामा चार करोड ४४ लाख रूपैयाँको लागतमा मोटरेबल पुल निर्माण गर्न लागिएको जिबिसले जनाएको छ । दुखुखोलामा २२ मिटर लामो मोटरेबल पुल निर्माणका लागि २०७३ साउन दोस्रो साता स्वच्छन्द गौचन जेभी निर्माण कम्पनीसंग सम्झौता भएको जिल्ला प्राबिधिक कार्यालयका ईञ्जीनियर रबिन मर्हजनले जानकारी दिनुभयो । उहाँका अनुसार १५ महिनामा सो पुल निर्माण सम्पन्न गर्ने सम्झौता भएको छ । वि.स २०६७ मा सो स्थानमा मोटरेबल पुल निर्माण सुरू भएपनि डिजाईन गलत भएपछि रोकीएको थियो । पुरानो ठेक्का रद्द गरेर पुन सर्वेक्षण गरेर पुल निर्माण हुन लागेको हो । दुखु खोलामा मोटरेबल पुल बनेपछि बेनी दरवाङ सडकमा यातायात आवागमन सहज हुने अपेक्षा गरिएको छ ।

अहिले सो स्थानमा बर्खा याममा बाढी आउँदा सवारी आवागमन बन्द हुने समस्या छ । यसैगरी शिखदेखि स्वात किन्दु जोड्ने सडक अन्तरगत पर्ने स्वाँत खोलामा नयाँ मोडलको मोटरेबल पुल निर्माण प्रक्रिया अघि बढेको ईञ्जीनियर मर्हजनले जानकारी दिनुभयो । ३० मिटर लम्बाई रहने यो पुल (आर्च) मोडलको हो । यो मोडलको पुल निर्माण गर्न अन्य मोडलभन्दा कम लागत पर्ने ईञ्जीनियर मर्हजनले बताउनुभयो । दुई करोड १९ लाख रूपैयाँ लागत अनुमान गरिएको स्वाँत पुलको टेण्डर मूल्याङ्कन प्रक्रियामा छ ।

# चार ठाउँमा मेलमिलाप केन्द्र स्थापना

■ नवविकल्प

म्याग्दीको चार ठाउँमा मेलमिलाप केन्द्र स्थापना भएको छ । ग्रामिण क्षेत्रमा उत्पन्न हुने बिवाद समाधान गरि सामाजिक सद्भाव र मेलमिलापको वातावरण सिर्जना गर्ने उद्देश्यले केन्द्र स्थापना भएको हो ।

भगवती, रूम, लुलाङ गाविस र बेनी नगरपालिकामा मेलमिलाप केन्द्र स्थापना भएको जिविसले जनाएको छ । जिल्ला विकास समितिको कार्यालय अन्तरगत सञ्चालित स्थानीय शाषन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडिपी) मार्फत केन्द्र स्थापना गरिएको हो । समुदाय स्तरमा सम्भव हुने बिवाद समाधानका लागि पहल गरि सामान्य बिवाद, झैझगडाको समाधानका लागि स्थानीय बासिन्दालाई अदालत र सुरक्षा निकायसम्म पुग्न नपरोस भनेर केन्द्र स्थापना गरिएको एलजिसीडिपी कार्यक्रम अधिकृत प्रकाश रेग्मीले जानकारी दिनुभयो ।

सुरक्षा निकाय र अदालती प्रक्रियामा जाँदा धेरै समय र पैसा खर्च हुने हुदा गाविस कार्यालय अन्तरगत रहने मेलमिलाप केन्द्रले दुवै पक्षलाई छलफल गराई समाधानको विकल्प पहिचान गर्दा सर्वसाधारणलाई सहज हुने अपेक्षा गरिएको छ ।

मेलमिलाप गर्दा दुवै पक्षले जितको महशुस गर्ने र बिवाद नलम्बिने मान्यता राखिन्छ । प्रत्येक मेलमिलाप केन्द्रलाई कार्य सञ्चालनका लागि पचास हजार रूपैयाका दरले कोष स्थापना गर्न अनुदान उपलब्ध गराइएको अधिकृत रेग्मीले बताउनुभयो । सम्बन्धित ठाउँका २६ जना मेलमिलापकर्ताहरूलाई आधारभुत तालीम समेत प्रदान गरिएको छ ।

# पोखरेबगर घार सडक आयोजनामा स्थानीयको अवरोध

■ नवविकल्प

स्थानीय बासिन्दाको अवरोधका कारण म्याग्दीको पोखरेबगर-घार सडक आयोजना अपुरो भएको छ ।

सडक प्रभावित क्षेत्रका बासिन्दा गणेश बरूवाल र दिपक बरूवालले काम गर्न नदिएपछि आयोजनाको पुरा काम नगरी ठेकेदार फर्कीएको हो । पोखरेबगर देखि घारको दुरबिनडाँडा भन्ने ठाउँसम्म सडक मर्मतका लागि जिविसले गत आर्थिक वर्षमा ३३ लाख ५६ हजार ६३५ रूपैयाँको आयोजना सञ्चालन गरेको थियो ।

स्थानीयबासीको अवरोधका कारण सडकमा भलबाढी ब्यवस्थापनका लागि लक्ष्य अनुसार नाली निर्माण हुन नसकेको जिविसका प्राविधिक कमल चोखालले बताउनुभयो । उहाँका अनुसार ३६० मिटर नाली निर्माण गर्नुपर्नेमा ३०९ मिटर मात्र निर्माण भएको छ ।

पटक-पटक छलफल र सहमतीको प्रयास गरेपनि बरूवालद्धयले आफ्नो अडान नछोडेपछि सो आयोजनाको तिन लाख ३९ हजार ७०५ रूपैयाँ बजेट फ्रिज भएको छ । उनिहरूले आफ्नो घरजग्गा जोखिममा पर्ने भन्दै नाली निर्माण गर्न नदिदा बाढीले आयोजना मार्फत निर्माण भएको अन्य संरचनाहरूलाई क्षत्ती गरेको छ । नालीबाट भल ब्यवस्थापन गर्न नदिदा सडकमा आउने बाढीका कारण तिन वटा घर जोखिममा परेका छन् ।

सडक फराकीलो र नाली बनाउने क्रममा प्रभावित क्षेत्रका बासिन्दा डोजरको बकेटभित्र बसेर काम गर्न नदिएको निर्माण ब्यवसायी तमबहादुर चोचाङ्गीले बताउनुभयो ।

दुई जना भन्दा अरूको जग्गा पर्ने ठाउँमा भने आयोजनाको लक्ष्य अनुसारको काम भएको छ । ३१८ मिटर सोलीङ, २३० घनमिटर ग्यावीयन, ४० घनमिटर मेसीनरी पर्खाल निर्माण भएको छ । सडकमा ५.२ घनमिटर पिसीसी ढलान गरिएको छ । चार हजार ८५२ घनमिटर माटो र ढुङ्गा सहितको पहाड कटिङ गर्ने काम सम्पन्न भएको प्राबिधिक चोखालले बताउनुभयो ।

# आमाहरुको सक्रियतामा प्रहरी चौकीको भवन निर्माण

■ नवविकल्प

बेनी नगरपालीका १ रत्नेचौरका आमा समूहले सामुदायीक भवन निर्माण गरेर प्रहरीलाई उपलब्ध गराएका छन् ।

रत्नेचौरको चेतनशिल आमा समूहले प्रहरी चौकी स्थापना गर्न तिन कोठे भवन निर्माण गरि उपलब्ध गराएका हुन् । आठ लाख रूपैयाँको लागतमा निर्माण भएको भवन प्रहरी चौकीको कार्यालय स्थापना गर्न उपलब्ध गराएको आमा समूहकी अध्यक्ष रूपा महतले जानकारी दिनुभयो । उहाँका अनुसार आमा समूहले नाचगान, लाहुरे स्वागत, चन्दा संकलन र श्रमदान गरेर भवन निर्माण गरिएको थियो । 'प्रहरीको उपस्थिती कम हुदाँ गाउँमा बढेको विकृती, घरलु हिंसा र दुर्व्यसनीका कारण महिलाहरू पिडित भएपछि आफै भवन बनाएर प्रहरीलाई उपलब्ध गराएका हौं' अध्यक्ष महतले बताउनुभयो ।



आमा समूहको पहलमा छिमेकी जिल्ला बागलुङको सिमा क्षेत्रमा पर्ने रत्नेचौरमा आईतबार प्रहरी चौकी स्थापना भएको छ । चौकीको धौलागिरी अञ्चल प्रहरी कार्यालयका प्रमुख बरिष्ठ प्रहरी उपरिक्षक छवीलाल जोशी बञ्जाडेले उद्घाटन गर्नुभएको थियो ।

चौकीमा प्रहरी हवल्दारको नेतृत्वमा पाँच जना सुरक्षाकर्मी खटीएका छन् । शान्ति सुरक्षामा समुदायको सहज पहुँच स्थापित गरी अपराध, विकृती, दुर्व्यसनी र दुर्घटना न्युनीकरण गर्ने उद्देश्यले स्थापना गरिएको प्रहरी नायव उपरिक्षक विश्वराज खड्काले बताउनुभयो ।

प्रहरीको आफ्नै भवन र संरचना नहुँदासम्म आमा समूहले भवन उपलब्ध गराएको उहाँले बताउनुभयो । भवन निर्माणका लागि जग्गा खोजी सुरू गरिएको छ । प्रहरी चौकी स्थापना भएपछि शान्ति सुरक्षा सुदृढ र अपराधिक त्रियाकलाप तथा विकृतीजन्य क्रियाकलाप नियन्त्रणमा सघाउ पुग्ने स्थानीयबासिले विश्वास गरेका छन् ।

# रत्नेचौरमा सिचाई आयोजना पुनर्निर्माण

■ नवविकल्प



बेनी नगरपालिका १ रत्नेचौरमा तेईस साले सिचाई आयोजनाको पुनर्निर्माण कार्य सम्पन्न भएको छ ।

आयोजनाको नहर, मुहान लगायतका संरचना पुनर्निर्माणपछि रत्नेचौर बासिलाई सिचाई गर्न सहज भएको छ । वि.स २०२३ सालमा निर्माण भएको आयोजना नियमित मर्मत अभाव र पहिरोका कारण जिर्ण हुँदा सिचाईमा समस्या हुनुका साथै खेतीबालीको उत्पादकत्वमा असर परेको थियो ।

आयोजना पुनर्निर्माणपछि नहरको पूर्ण क्षमत्तामा पानी चलेको छ । नहरमा पर्याप्त मात्रामा पानी आउन थालेपछि पालो कुरेर सिचाई गर्नुपर्ने समस्याको अन्त्य भएको उपभोक्ता समितिका अध्यक्ष दलबहादुर रावलले बताउनुभयो । पुरानो नहर भत्कीएर चुहिने समस्याका कारण आकाशे पानी, खोल्साको भलबाढी कुर्नुपर्ने तथा पालो लगाएर सिचाई गर्नुपर्ने समस्या थियो ।

आयोजना पुनर्निर्माण भएपछि २५० घरधुरीको एक हजार रोपनी जमिनमा बाहै महिना सिचाई सुबिधा पुगेको अध्यक्ष रावलले बताउनुभयो । नियमित र ब्यवस्थित सिचाई सुबिधा भएपछि रत्नेचौरमा खाद्यबालीको उत्पादन वृद्धीसंगै तरकारी खेती विस्तार हुने अपेक्षा गरिएको छ ।

सिचाई विकास सब डिभिजन कार्यालय म्याग्दीले ८४ लाख ६३ हजार रूपैयाँको लागतमा आयोजना पुनर्निर्माण गरेको सब डिभिजन प्रमुख ईञ्जिनियर रमेशराज शर्माले बताउनुभयो । आयोजनाको मुहान रहेको ढोडेनीखोला देखि रत्नेचौरसम्म दुई हजार दुई सय मिटर नयाँ पक्कि नहर निर्माण गरिएको छ । पहिरो गएको ठाउँमा एक सय मिटर पाईप राखेर पानी आपूर्ती गराइएको छ ।

आगामी वर्ष शाखा नहर मर्मत र पुनर्निर्माण गर्ने योजना रहेको छ । निर्माण ब्यवसायी मार्फत ६२ लाख ६३ हजार र उपभोक्ता मार्फत २२ लाख रूपैया बराबरको काम गरिएको ईञ्जिनियर शर्माले बताउनुभयो । आर्थिक वर्ष २०७१र७२ देखि सुरू भएको आयोजना निर्माणको लागि जयलक्ष्मी भगवती मालीका जेभीले ठेक्का लिएको थियो ।

# शिखमा “फ्रि वाइफाई”

■ नवविकल्प

म्याग्दीको सबै गाविसमा ईन्टर नेट सेवा विस्तार गर्ने तयारी भैरहेका बेला शिख गाविसलाई 'फ्रि वाईफाई' बनाइएको छ ।

सूचना प्रविधिका अभियन्ता महाविर पुनको प्राबिधिक सहयोगमा गाबिस कार्यालयले शिखको सार्वजनिक स्थलमा निशूल्क ईन्टरनेट जडान गरेर 'फ्रि वाईफाई' बनाएको हो ।

गाविस कार्यालय, स्वास्थ्य चौकी, हुलाक, विद्यालय लगायत सार्वजनिक स्थलको साथै पर्यटकीय स्थलहरूमा निशूल्क वाईफाई ईन्टरनेटको सुबिधा पुऱ्याइएको गाविस सचिव खेमराज पौडेलले बताउनुभयो । ईन्टरनेट सेवा सञ्चालनका लागि गाविस कार्यालयले अनुदानको ब्यवस्था गरेको छ ।

गत आर्थिक वर्षमा ७५ हजार रूपैयाँ बजेट खर्च गरेको थियो । ईन्टरनेटको सुबिधाले सार्वजनिक सेवा प्रवाहमा सहजता आएको छ । स्थानीय बासिन्दाको सूचना प्रबिधिमा पहुँच स्थापित भएको छ । शिखको स्वास्थ्य चौकीले काठमाडौं मोडल अस्पतालसंगको सहकार्यमा ईन्टर नेटको सहायताले टेलीमेडिसीन सेवा सञ्चालन गरेको छ ।

यसैगरी शिख उच्च मावि, पाउद्वार मावि लगायतका सामुदायिक विद्यालयमा कम्प्युटर विषयको पठनपाठन सञ्चालन भएको छ । विद्यालयमा निशूल्क ईन्टरनेट चलाउने सुबिधा रहेको छ । शिखको पर्यटकीय स्थल खोप्रा लेक, बयली र ढाँडखर्कमा पनि निशूल्क ईन्टरनेट सेवा उपलब्ध छ ।

सार्वजनिक स्थल वरपरका बस्तीहरूका बासिन्दाले पनि निशूल्क ईन्टरनेट प्रयोग गर्न पाएका छन् । देश बिदेशमा रहेका आफन्तहरूसंग सामाजिक सञ्जाल र ईमेल मार्फत सूचना आदानप्रदान गर्न थालेको स्थानीय युवा बिसन रानाले बताउनुभयो । यसैगरी राष्ट्रिय, अन्तराष्ट्रिय समाचार गतिबिधिहरू पनि तत्कालै थाहा पाउन सकिएको छ ।

मोवाईल र फोनको तुलनामा ईन्टरनेट सेवा सस्तो र सर्भसुलभ भएको स्थानीय बासिन्दाको अनुभव छ । जिल्ला विकास समिति, ग्रामिण दुरसञ्चार प्राधिकरण कोष र प्रवासी म्याग्देलीहरूको लगानीमा म्याग्दीका सबै गाविसमा ईन्टरनेट सेवा पुऱ्याउने योजना अघि बढाइएको छ ।

# ढिलासुस्ती गर्ने ठेकेदारलाई जरिवाना

■ नवविकल्प

म्याग्दीमा निर्धारीत समयमा काम पुरा नगर्ने ठेकेदार जरिवानामा परेका छन् । बेनीमा जिल्ला जनस्वास्थ्य कार्यालयको भवन निर्माण गर्ने ठेक्का लिएको काठमाडौंको रफीना कन्ट्रक्सनलाई कारबाही स्वरूप जरिवाना गरिएको हो ।

सहरी आवास तथा भवन निर्माण डिभिजन कार्यालय बागलुङ्ले ठेकेदारको लापरबाही र ढिलासुस्तीका कारण निर्धारीत समयमा काम पुरा नगरेपछि जरिवाना गरेको जनाएको छ । कुल ठेक्का सम्झौता भएको रकम एक करोड ८७ लाख रूपैयाको ०.०५ प्रतिशत प्रतिदिनका दरले हर्जना तिराईने भवन डिभिजनका ईञ्जिनियर तेजेन्द्र पौडेलले बताउनुभयो ।

डिभिजन कार्यालय र बिभागले दुई पटक म्याद थप गरेर २०७३ असार मसान्तसम्म काम सक्न समय दिएपनि पुरा नगरेकाले बिभागले पुन म्याद थप नगरेपछि साउन १ गतेदेखि ठेकेदार जरिवानामा परेको हो । एक सय दिनसम्म पनि काम सम्पन्न गर्न नसके धरौटी जफत हुने र कालोसूचीमा राख्न सकिने ब्यवस्था रहेको छ ।

२० कोठे भवन निर्माण गर्ने योजना असी प्रतिशत मात्रै सकिएको छ । ठेकेदार र भवन डिभिजन कार्यालयबीच वि.स २०७२ असार मसान्त सम्म सम्पन्न गर्नेगरी २०७० असोजमा सम्झौता भएको थियो । छ महिना भवन डिभिजन र छ महिना बिभागले म्याद थप गरेका थिए ।

सो कम्पनी यसअघि ज्यामरूककोट र सिंगा स्वास्थ्य चौकीको भवन निर्माणमा समेत ढिलाई गरेकाले जरिवानामा परेको थियो । ठेकेदार कम्पनीका प्रतिनिधिले भने भुकम्प, नाकाबन्दी र मजदुर अभावका कारण काम गर्न ढिलाई भएको बताएका छन् । जिल्ला स्वास्थ्य प्रमुख बरिष्ठ चिकित्सक रोशन न्यौपानेले ठेकेदारले समयमै भवन निर्माण नगर्दा कार्यालय सञ्चालन गर्न कठिनाई भएको बताउनुभयो ।

सबै काम एउटै छानामुनी

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स

गणेशटोल बेनी, म्याग्दी

फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८

विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

# रुट कायमसँगै यातायात सेवा बैधानिक

■ नवविकल्प



म्याग्दीका छ वटा ग्रामिण सडकमा सवारी सञ्चालनका लागि अस्थाई रूट कायम भएको छ । अस्थाई रूट कायम भएको सडकमा सरकारले निर्धारण गरेको भाडादर लागू हुनुका साथै यातायात सेवाले बैधानीकता पाएको छ ।

बागलुङ्का निमित्त प्रमुख जिल्ला अधिकारी ध्रुव गिरीको अध्यक्षमा बुधबार बागलुङ्मा बसेको अञ्चल यातायात ब्यवस्थापन समितिको बैठकले म्याग्दीका छ, पर्वतका आठ र बागलुङ्का छ वटा सडकमा अस्थाई रूट कायम गर्ने निर्णय गरेको हो ।

अस्थाई रूट कायम भएको सडकमा यातायात ब्यवस्थापन कार्यालयबाट अनुमती लिएर ब्यवसायीले सवारी सञ्चालन गर्न पाउने बैठकमा सहभागि म्याग्दीका प्रहरी नायव उपरिक्षक विश्वराज खड्काले जानकारी दिनुभयो ।

बैठकमा तिन वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, यातायात ब्यवस्था कार्यालयका प्रमुख, प्रहरी नायव उपरिक्षक, अनुसन्धान अधिकृत, स्थानीय विकास अधिकारी, सडक डिभिजनका प्रबिधिकहरूको उपस्थिती रहेको थियो । म्याग्दीको बेनी दरवाङ ताकम, बागलुङ बेनी रत्नेचौर, बेनी घतान पाखापानी, बेनी पिप्ले भगवती, रत्नेचौर अर्जम भकुण्डे र सिमलचौर कुहुँ सडकमा अस्थाई रूट कायम भएको हो । रूट कायम भएका सडकहरूमा सरकारले तोकेको दररेट अनुसारको भाडादर कायम भएको छ ।

१७ किलोमिटर दुरीको बागलुङ-रत्नेचौर-बेनी सडकमा एकमुष्ठ असी रूपैया प्रतियात्रु भाडा निर्धारण भएको छ । ३० किलोमिटर दुरीको बेनी-दरवाङ-ताकम सडकमा प्रतिकिमी ८.५ रूपैया र अन्य सडकमा प्रतिकिमी १२ रूपैयाका दरले भाडादर निर्धारण भएको प्रनाउ खड्काले बताउनुभयो । यसअघि म्याग्दीको बेनी जोमसोम सडकमा मात्र सवारी सञ्चालनका लागि अनुमती थियो । म्याग्दीका प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यको अध्यक्षतामा सोमबार बसेको बैठकले म्याग्दीका २९ वटा सडकमा अस्थाई रूट कायम गर्न सिफारीस गरेको थियो । प्रस्तावीत अन्य सडकहरूमा रूट कायम गर्नका जिल्लामा गठित प्राबिधिक उपसमितिहरूको निरिक्षण, अनुगमन प्रतिवेदन पछि प्रक्रिया अघि बढाउने निर्णय भएको छ । स्थानीय प्रशासनले रूट कायम नभएका सडकमा गत सोमबारदेखि बुधबारसम्म सवारी सञ्चालनमा रोक लगाउँदा यातायात सेवा ठप्प बनेको थियो ।

प्रशासनले सवारी सञ्चालन गर्न रोक लगाएपछि सर्वसाधारण यात्रुहरूको बिचल्ली भएको थियो । रूट कायम भएका सडकमा सवारी धनीले अनुमती लिएर गाडी चलाउन थालेका छन् । राजनितिक दल, जिविस, नगरपालीका, यातायात ब्यवसायी सहित बसेको जिल्ला यातायात ब्यवस्थापन समितिको बैठकले हाल सवारी सञ्चालनमा रहेका सबै सडकमा अस्थाई रूट कायम गर्न सिफारीस गरेको थियो ।

यसअघि क्षेत्रीय यातायात ब्यवस्था कार्यालयमा १९ वटा सडकमा अस्थाई रूट कायम गर्न सिफारीस गरेपनि कार्यान्वयन भएको छैन । यसपटक पुराना १९ र नयाँ थपिएका १० वटा सडकलाई रूट कायम गर्न सिफारीस गरिएको हो ।

रूट कायमका लागि सिफारीस भएका अन्य सडकहरूमा बेनी-पाखापानी, दरवाङ-बिम, पुलाचौर-कुहुँ, बेनी-भकुण्डे, गलेश्वर-पिप्ले-भगवती-बेग, हिस्तान-राम्चे-नागी, पोखरेबगर-घार-शिख, दरवाङ-फुलबारी-ओखरबोट-तमान, भिरकाटे-दोवा, हाडेभिर-बरंजा लगायत रहेका छन् । मौवाफाँट-दग्नाम, बेगखोला-बेग, सिमलचौर-कुहुँ, महभीर-दोसल्ले-टिकोट, भुरूङ तातोपानी-नारच्याङ, रत्नेचौर-अर्जम-भकुण्डे, दरवाङ-देविस्थान-जुक्जा, गलेश्वर-घतान-पात्लेखेत, महारानीथान-छाप-ठूलोखोला, बाबियाचौर-अर्मन, दरवाङ-ओखरबोट-रूम, दरवाङ-दुखु, ताराखेत-भरजुला-थाईवाङ-हिदी र महभिर घराम्दी सडकमा पनि अस्थाई रूट कायम गरि सवारी सञ्चालनका लागि अनुमती दिन सिफारीस गरिएको छ ।

# समुहकै मिलेमतोमा सामुदायिक वन फडानी

■ नवविकल्प



बस्तीनजिकैको सामुदायिक वन संरक्षणका लागि गठित समितिले नै वन मास्न सक्रिय भएपछि यहाँको सल्लेरी सामुदायिक वन दुइ वर्षमै उजाड भएको छ । २०५५ सालमा दर्ता भएको ६२ हेक्टर क्षेत्रफलको सामुदायिक वनका ठुल्ठुला रूख अहिले धमाधम गायव हुन थालेका छन् । गएको दुइ वर्षयता ठुल्ठुला रूखहरू रातारात गायव हुन थालेपछि वन बिनासमा समुहकै मुख्य पदाधिकारीहरूको संलग्नता रहेको खुल्न थालेको छ ।

गाउँसम्म मोटरबाटो पुगेपछि बेनी, बागलुङ, कुश्मा देखि पोखरासम्मका फर्निचरहरूमा काठ पुग्ने गरेको स्थानीयहरू बताउछन् । स्थानीयरूपमा सक्रिय रहेको गिरोहले काठ तस्कर गर्ने गरेको स्थानीयहरू बताउँछन् । समितिका पदाधिकारीहरूसंग कुरा मिलाएर रातारात ठुल्ठुला रूख गायव पार्नेगरेको स्थानीय उपभोक्ताहरूको आरोप छ । '१५ वर्ष पहिला एउटा नाम्लाले घेरा नपुग्ने रूख थिए । समुदायमा हस्तान्तरण भएपछि त्यस्ता रूखहरू गायब भएका छन्,' स्थानीय टेकनारायण आचार्यले भन्नुभयो, 'दुइवर्ष यता त झन बन सखापै हुन थाल्यो । यो कसले हेर्ने ?' गएको वर्ष वनका दुईतिहाई रूखहरू काटिएको उनले बताए ।

समुदायमा हस्तान्तरण गरेपछि २०७० सालसम्म वनको राम्रो संरक्षण भएको थियो । अहिले पाखो सवै उजाड बनेको छ । गाउँमा मोटरबाटो पुगेपछि एकाएक रूख मासिँदै गएको स्थानीय बताउँछन् । 'रूख बेचेको आम्दानी कतै देखिएको छैन,' स्थानीयएक युवाले, 'जंगल सबै उजाड भइसक्यो ।' अधिकांस सल्लो र सालका रूख मासिएको उहाँले बताउनुभयो । ठुल्ठुला सल्लाका रूखहरू कहाँ र कति मुल्यमा बिक्रि हुन्छन् भनेर समुहको बैठकमा समेत कसैले कुरा उठाउन नसकेको गाउँलेहरूको भनाई छ ।

वन मासिंदै गएपछि त्यहाँका वन्यजन्तु समेत लोप भएका छन् । आसपासमा पानीका मुल सुक्ने र गाउँमा पहिरो खस्ने खतरा उत्तिकै भएको स्थानीय नवराज आचार्यले बताउनुभयो । 'पहिला पनि पहिरो गइराख्ने ठाउँ हो,' उहाँले भन्नुभयो, 'जंगल बढेपछि केहि रोकिएको थियो, अहिले फेरी जोखिम बढेको छ ।' वन मासिएकोबारे जिल्ला वन कार्यालयमा जानकारी गराए पनि कार्यालयले कारवाहि नथालेको स्थानीयको गुनासो छ । वन फडानीमा जिल्ला वन कार्यालयको समेत मिलेमतोको आशंका गरिएको एक स्थानीय युवाले आरोप लगाए । उनले भने,'यसरी वन सखाप हुँदा पनि किन वन कार्यालय चुप लागेर वसेको छ ?' यो शंकाको विषय हो । पछिल्लो समय धाइरिङ र मल्लाजमा जिल्ला बन कार्यालयको मिलेमतोमा बन फडानी हुने गरेको भनाई रहेको छ ।

समुहका पदाधिकारी भने काठ बाहिर बिक्रि नगरेको दाबी गर्छन् । 'बाहिर काठ बिक्रि गरेको भन्ने हल्ला मात्रै हो,' समुहका अध्यक्ष बंधे नेपालीले भन्नुभयो, 'उपभोक्ताहरूकै आवश्यकता पुरा गर्न काटिएको हो ।' वनमा खेरजाने र पुराना रूखहरू मात्रै काटिएको उहाँले दाबी गनुभयो । जिल्ला वन कार्यालयले अहिलेसम्म उजुरी नपरेकोले छानविन र कारवाहि गर्न नसकिएको बताएको छ । 'उजुरी आएपछि मात्रै हामीले कारवाहि गर्ने हो,' जिल्ला वन अधिकृत कृष्णप्रसाद ढकालले भन्नुभयो, 'त्यहाँबाट अहिलेसम्म उजुरी गर्न कोहि आएकै छैन ।'

# जिविस म्याग्दीको आन्तरीक आय बढ्यो

■ नवविकल्प

जिल्ला विकास समिति म्याग्दीको चालु आर्थिक वर्षमा आन्तरीक आयस्रोत बढेको छ ।

गत आर्थिक वर्ष २०७२/७३ मा २८ लाख ५६ हजार २१२ रूपैयाँ रहेको जिविसको आन्तरीक आय यस वर्ष ३५ लाख ११ हजार ४११ रूपैयाँ पुगेको हो । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र पशु चौपाया कर संकलनका लागि समयमै ठेक्का लागेकाले आम्दानी बढेको जिविसका सहलेखापाल डिलबहादुर रोकाले बताउनुभयो । यसअघिको दुई आर्थिक वर्षमा दशौ पटक सम्म पनि टेण्डर आब्हान गर्दा पनि ठेक्का नपरेको बेनी नगरपालिका क्षेत्रमा नदीजन्य बस्तु उत्खनन् र निकासीका लागि यसपाली एकै पटकको सूचनामा निर्माण ब्यवसायीबीच प्रतिस्पर्धा भई ठेक्का लागेको छ । बेनी नगरपालिका क्षेत्रको नदी बगरबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्का लागि गत वर्ष १७ लाख ५१ हजार १११ रूपैयाँमा आर्थिक वर्ष सुरू भएको करिब तिन महिनापछि ठेक्का लागेकोमा यस वर्ष सुरूमै २६ लाख ७१ हजार १११ रूपैयाँमा सम्झौता भएको छ ।

पिप्ले देखि दाना सम्मको कालीगण्डकी नदी किनारमा क्षेत्रमा नदीजन्य निर्माण सामाग्री उत्खनन्का लागि यस वर्ष पहिलो पटक एक लाख ५० हजार रूपैयाँमा ठेक्का लागेको छ । बाबियाचौर क्षेत्रको बगर उत्खनन्का लागि दुई लाख दश हजार एक सय र दरवाङ क्षेत्रमा एक लाख असी हजार रूपैयाँमा सम्झौता भएको छ । भुरूङ तातोपानीमा पशु चौपाया कर संकलनका लागि गत वर्ष दुई लाख ५० हजार रूपैयाँमा सम्झौता भएकोमा यो वर्ष तिन लाख एक सय रूपैयाँ प्रस्ताव गरेका ठेकेदारसंग सम्झौताको तयारी भएको छ ।

# विघुत महशुल भुक्तानी नगर्नेको लाइन काटिने

■ नवविकल्प

नेपाल विघुत प्राधिकरण बेनी वितरण केन्द्रले करिब २७ लाख रूपैयाँ बक्यौता विघुत महशुल उठाउन बाँकी रहेको छ ।

कम्तीमा तिन महिनासम्म महशुल नतिर्ने २२० जना ग्राहकहरूबाट २६ लाख ७८ हजार ६३ रूपैयाँ बक्यौता उठाउन बाँकी रहेको केन्द्रले जनाएको छ । १७७ जना ग्राहस्थ, ब्यापारीक चार, औद्योगीक १९ र गैह्ब्यापारीक २० जना ग्राहकबाट विघुत महशुल उठ्न बाँकी देखिएको केन्द्रका ईञ्जिनियर निरज पौडेलले जानकारी दिनुभयो ।

समयमा बिघुत महशुल नतिरेर बक्यौता राख्नेमा सरकारी कार्यालय देखि जिल्लाका नाम चलेका उद्योगी ब्यापारीहरू समेत रहेका छन् । तिन वटा मिटरबक्स जडान गरेको जिल्ला अस्पतालले आठ महिनादेखिको एक लाख रूपैयाँ बक्यौता तिरेको छैन् ।

रत्नेचौर स्थित बेनी नगरपालिकाको १ र २ नम्बर वडा र बाबियाचौर गाविस कार्यालय पनि महशुल नतिर्नेको सूचिमा छन् । महशुल नतिर्ने ग्राहक पहिचान गरि लाईन काट्न सुरू गरेको वितरण केन्द्रले जनाएको छ । बजार र ग्राणि क्षेत्रमा महशुल नतिरेका ग्राहक पहिचान गरि लाईन काट्न कर्मचारी खटाएको ईञ्जीनियर पौडेलले जानकारी दिनुभयो ।

दुई महिनासम्म महशुल नतिर्ने ग्राहकको प्राधिकरणले विघुत लाईन काट्न पाउने नीतिगत ब्यवस्था छ । दुई महिनापछि महशुल तिर्दा २५ प्रतिशत जरिवाना तोकीएको छ । महशुल नतिर्ने ग्राहस्थ उपभोक्ताहरूमा धेरैजसो दलित समुदायका छन् । गत आर्थिक वर्ष २०७२/७३ मा २० लाख ८४ हजार रूपैयाँ विघुत महशुल नतिर्ने १०३ जना ग्राहकको लाईन काटिएको थियो ।

८८ जनाले करिब १८ लाख रूपैयाँ बक्यौता तिरेर लाईन काटेपछि पुन-विघुत जडान गरेका थिए । १५ जना ग्राहकको नाम कालो सूचीमा राख्ने तयारी भएको छ । १४ हजार ३११ जना उपभोक्ता रहेको विघुत प्राधिकरण बेनी वितरण केन्द्रले गत आर्थिक वर्ष २०७२/७३ मा छ करोड चार लाख ५८ हजार ५७७ रूपैयाँ महशुल संकलन गरेको थियो । अन्य जिल्लाको तुलनामा म्याग्दीमा विघुत खपत दर बढी रहेको छ ।

# म्याग्दीमा चर्को मूल्यमा ग्यास बिक्री

■ नवविकल्प

म्याग्दीमा तोकिएको भन्दा बढी मूल्यमा खाना पकाउने ग्यास बिक्री भएको पाइएको छ ।

जिल्ला प्रशासन कार्यालयले बुधबार बेनीमा गरेको बजार अनुगमनका क्रममा प्रायजसो बिक्रेताहरूले खाना पकाउने एलपीग्यास आयल निगमले निर्धारण गरेको भन्दा बढी मूल्यमा बिक्री भएको पाइएको हो ।

निगमले प्रतिसिलीण्डर ग्यासको मूल्य एक हजार ३७५ रूपैयाँ निर्धारण गरेपनि म्याग्दीका ब्यापारीहरूले एक हजार ४२५ रूपैयाँ सम्ममा बिक्री गरेको पाइएको जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा नबिन सुवेदीले बताउनुभयो ।

बढी मूल्यमा ग्यास बिक्री गर्ने ब्यापारीहरूलाई निर्धारीत मूल्यमा बिक्री गर्न निर्देशन दिदै सचेत बनाइएको छ । अनुगमनलाई निरन्तरता दिने र निर्देशन पालना नगर्नेलाई कालोबजारी ऐन अन्तरगत मुद्दा चलाउने प्रशासनले चेतावनी दिएको छ ।

म्याग्दीका ब्यापारीहरूले ढुवानी भाडा भन्दै आयाल निगमले निर्धारण गरेको भन्दा बढी मूल्यमा ग्यास बिक्री गरेको अनुगमन टोलीले जनाएको छ ।

निगमले देशभर समान मुल्य कायम गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी खगराज पोख्रेलको नेतृत्वमा प्रहरी, नगरपालीका, उद्योग वाणिज्य संघ लगायत सरोकारवालाहरूको टोलीले बेनीका ग्याँस, खाद्यान्न र तरकारी पसलहरूको अनुगमन गरेको छ । टोलीले अद्यावधिक गरेर मूल्य सूचि तथा साईन बोर्ड राख्न, ब्यवसाय दर्ता गर्न र सरसफाईमा ध्यान दिन निर्देशन दिएको छ ।

# म्याग्दीमा कृषि उपजबाट ३३ करोड भित्रियो

■ नवविकल्प

म्याग्दीमा कृषि उपज निकासीबाट एक वर्षको अवधिमा तेत्तिस करोड रूपैयाँ भन्दा बढी नगद भित्रीएको छ ।

गत आर्थिक वर्ष २०७२र७३ मा म्याग्दीका कृषकले आठ हजार १५९ मेट्रिक्टन कृषि उपज निकासी गरेर ३३ करोड ४६ लाख ४५ हजार रूपैयाँ नगद भित्र्याएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

राम्चे, हिस्तान, शिख, घार लगायतका गाविसमा उत्पादन भएको १९ करोड ३९ लाख छ हजार रूपैयाँ बराबरको चार हजार ७१८ मेट्रिक्टन आलु निकासी भएको छ । बास्कुना, मरेक, बरंजा, देविस्थान, बिम, दोसल्ले, घार, भुरूङ तातोपानी, नारच्याङ, दानाबाट छ करोड ७२ लाख २०५ रूपैयाँ बराबरको एक हजार ५०१ मेट्रिक्टन सुन्तला निकासी भएको छ ।

यसैगरी रत्नेचौर, घतान, सिंगा, राम्चे, हिस्तान लगायतका ठाउँमा उत्पादीत सात करोड ३५ लाख ३४ हजार रूपैयाँ मूल्यको एक हजार ९४१ मेट्रिक्टन तरकारी निकासी भएको हो । गोलभेडा, बन्दा, काउली, काँक्रो, घिरौला, भन्टा, खुर्सानी, सिमी, मुला, साग, धनीया, बोडी लगायतका तरकारी निकासी हुने गरेको छ ।

म्याग्दीबाट पर्वत, बागलुङ, चितवन, काठमाडौं, मुस्ताङ र पोखरामा कृषि उपज निकासी हुने गरेको कार्यालयकी योजना अधिकृत ज्योती क्षेत्रीले जानकारी दिनुभयो । गत आवमा जिल्लाभित्रको बजारमा ४६ करोड ५८ लाख ८२ हजार रूपैयाँ मूल्य बराबरको ११ हजार ६६० मेट्रिक्टन सुन्तला, तरकारी, अदूवा, कफि, केरा, मह, आलु, माछा र च्याउको ब्यापार भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०७१/७२ मा ४५ करोड ६३ लाख २४ हजार बराबरको कृषि उपज जिल्लाभित्रै खपत भएको थियो । यसैगरी २५ करोड २८ लाख ७० हजार रूपैयाँ बराबरको कृषि उपज निकासी भएको थियो । ब्यवसायिक खेती विस्तारको क्रमसंगै रोजगारी सिर्जना, उत्पादन वृद्धी, आयात प्रतिस्थापन र कृषकहरूको आर्थिक स्तरमा पनि सुधार आएको छ ।

रत्नेचौरका कृषक निरबहादुर थापाले गोलभेडा बिक्री गरेर सिजनमा एकै दिन १८ हजार रूपैयाँ सम्म आम्दानी भएको बताउनुभयो । 'बजारको माग र आवश्यकता पहिचान गरेर उत्पादन गर्न सकेमा तरकारीले राम्रो बजार र मूल्य पाउँछ' थापाले भन्नुभयो ।

म्याग्दीको दुई हजार ८६६ हेक्टर क्षेत्रफलमा विभिन्न १२ प्रजातीका ब्यवसायिक बाली खेती हुने गरेको छ । गत वर्ष उत्पादीत २७ हजार ८३९ मेट्रिक्टन कृषि उपज मध्य १९ हजार २४४ मेट्रिक्टन मात्र बिक्री वितरण भएको हो । ब्यवसायिक बाली उत्पादन र बजारीकरणबाट म्याग्दीमा एक हजार ३०३ जनाले नियमित र ३० हजार ५२३ जनाले मौसमी रोजगारी पाएका छन् ।

ग्रामिण बस्तीहरूमा सडक विस्तारसंगै यातायातको सुबिधा र बजारमा पहुँच बढेपछि कृषि उपजले बजार पाएको छ । यसअघि स्थानीय बजार र घरायसी उपभोगमै सिमित म्याग्दीको सुन्तला र आलु पछिल्लो केही वर्ष देखि जिल्ला बाहिर निकासी हुन थालेको हो ।

म्याग्दीलाई तरकारीमा आत्मनिर्भर बनाउने, आलु र सुन्तला खेती विस्तार एवं बजार प्रर्वद्धनमा प्राथमिकता दिइएको बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो ।

म्याग्दीमा वार्षिक १३ हजार मेट्रिक्टन तरकारी खपत हुने गर्छ । ८८५ हेक्टर क्षेत्रफलमा गरिएको ब्यवसायिक तरकारी खेतीबाट नौ हजार २७८ मेट्रिक्टन उत्पादन हुन्छ । एक लाख १३ हजार जनसंख्या रहेको यस जिल्लामा करिब पाँच हजार मेट्रिक्टन बाहिरी जिल्लाबाट आयात हुने गरेको देखिन्छ ।

जिल्लाको उत्पादनले नपुगेको अवस्थामा पर्वत, बागलुङ, चितवन, धादीङ सहित तराईका जिल्ला र भारतबाट तरकारी आयात हुने गर्छ । कृषकहरूको ब्यवसायिक तरकारी खेतीतर्फ आकर्षण बढेको र खेती विस्तार भएकाले उत्पादन वृद्धीसंगै तरकारी आयात घट्दै गएको बरिष्ठ कृषि विकास अधिकृत रिजालले बताउनुभयो । उहाँका अनुसार म्याग्दीमा तरकारी र सुन्तला खेतीको थप विकासका लागि बल्क आयोजना सञ्चालन गर्ने तयारी भएको छ ।

# दिदीबहिनीद्वारा पाँच करोड रुपैयाँ लगानी

■ नवविकल्प

म्याग्दीको बेनीमा महिलाहरूको सहभागिता र ब्यवस्थापनमा सञ्चालित दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लि.को पाँचौ वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

५३३ जना सदस्यको एक करोड ४३ लाख ९४ हजार एक सय रूपैयाँ शेयर पुँजी रहेको संस्थाले गत आर्थिक वर्ष २०७२र०७३ मा पाँच करोड ४८ लाख ४४ हजार १५३ रूपैयाँ निक्षेप संकलन र पाँच करोड बिस लाख एक हजार २७० रूपैयाँ कर्जा लगानी गरेको साधारणभामा जानकारी गराइएको थियो ।




गत आर्थिक वर्षमा ७८ लाख ४७ हजार ३७६ रूपैयाँ आम्दानी, ६६ लाख ८० हजार १९७ रूपैया खर्च र सात लाख १४ हजार ७१८ रूपैया मुनाफा गरेको संस्थाले मुठ्ठिदान अभियान सञ्चालन गरेर गरिब, विपन्न, अशक्त, असाहय, अपाङ्गता भएका नागरीकहरूलाई सहयोग गर्दै आएको छ । संस्थाले युवा स्वरोजगार कोष मार्फत ३१ लाख ९१ हजार ८८५ रूपैयाँ परिचालन गरेको छ ।

साधारणसभाको अवसरमा बेनपा ५ जरबुटाकी मृगौला रोगी इन्द्रा खत्री, झिँकी दृष्टिबिहीन छात्रा धनमाया बिक र मंगलाघाटकी पहिरो तथा भुकम्प पीडित लक्ष्मी बानियालाई पाँच हजार पाँच सय रूपैयाँका दरले सहयोग हस्तान्तरण गरिएको थियो । यसैगरी बेनपा १३ थामडाँडाका मृगौला रोगी तेजेन्द्र गुरूङलाई बिदेशबाट आएका दश हजारमा सहकारीले एक हजार १११ रूपैयाँ थप गरि सहयोग गरेको छ । समाचार लेखन मार्फत संस्थालाई सहयोग गरेको भन्दै पत्रकार प्रताप बानियाँलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष जमुना आचार्यको अध्यक्षता, सचिव बिष्णु गौतम सापकोटाको सञ्चालन र उपाध्यक्ष ज्योती लामिछाने पौडेलको स्वागत मन्तब्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष प्रेमबहादुर कार्की, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जिवनबहादुर विश्वकर्मा, ऋण तथा बचत सहकारी संघका अध्यक्ष अमृता भण्डारी, ओमकुमारी शान्ति कोषका संस्थापक चन्द्रकुमार केसी, लायन्स कल्व दोभानकी गिता शर्मा, युवा स्वरोजगार कोषका प्रतिनिधि विज्ञान सुवेदी, पत्रकार घनश्याम खड्का र सेयर सदस्य ज्ञानु बानियाँले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

# कर संकलनका लागि घुम्ती शिविर सुरु

■ नवविकल्प

म्याग्दीको बेनीमा आय र घरबाहल कर संकलनका लागि शनिबारदेखि घुम्ती शिवीर सुरू भएको छ ।

म्याग्दी उद्योग वाणिज्य संघको पहलमा आन्तरीक राजस्व कार्यालय पोखराले साना ब्यवसायी तथा करदाताको सुबिधाका लागि आयोजना गरेको शिवीर आईतबार सम्म चल्नेछ । वार्षिक बिस लाख रूपैयाँ भन्दा कमको कारोबार गर्ने ब्यवसायीहरूबाट घरदैलोमै कर बुझाउने सुबिधा प्रदान गर्न शिवीर सञ्चालन गरेको म्याग्दी उद्योग वाणिज्य संघका महासचिव राजेश शाक्यले जानकारी दिनुभयो । कर संकलनका लागि आन्तरीक राजस्व कार्यालय पोखराका कर अधिकृतद्धय सुर्य सुर्खाली र नारायणप्रसाद बास्तोला सहित सात जनाको टोली बेनी आएको छ । प्यानमा दर्ता भएका उद्योगी, ब्यवसायीहरूबाट गत आर्थिक वर्ष २०७२र७३ को आयकर संकलन गरिने टोलीले जनाएको छ । म्याग्दीमा रहेका करिब दुई हजार जना उद्योगी ब्यवसायी मध्य शिवीर मार्फत एक हजार जना लाभान्वित हुने संघले जनाएको छ ।

वार्षिक विस लाख रूपैयाँ भन्दा बढीको कारोबार गर्ने र दुई लाख रूपैयाँ भन्दा बढी नाफा गर्ने मुल्य अभिवृद्धी करमा दर्ता भएका ब्यवसायीले भने पोखरा पुगेर कर तिर्ने गरेका छन् । यसैबीच आइतबार बेनीमा स्थानीय ब्यवसायीहरूलाई चालु आर्थिक वर्षमा आर्थिक अध्यादेशले गरेका ब्यवस्थाहरूको बारेमा जानकारी गराइने छ । शिवीरका क्रममा कर सम्बन्धि नयाँ ब्यवस्थाको विषयमा राजस्व कार्यालय र स्थानीय ब्यवसायीहरूबीच अन्तरक्रिया गर्ने कार्यक्रम पनि रहेको छ ।


## श्री लुलाङ्ग निम्न माध्यामिक विद्यालय

**लुलाङ्ग ७ म्याग्दी**

मिति २०७३/०५/१२

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयको लागि एक प्रा.वि तह तृतीय श्रेणीको कोटामा एकजना करार शिक्षक पद रिक्त हुन आएको ले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट रितपूर्वक दरखास्त आह्वान गरिएको छ । विज्ञापन प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नहुन सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) निवेदनका साथ निम्न कागजातहरु पेश गर्नुपर्ने छ ।

१) नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपि । २) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

३) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु १र१ प्रति । ४) शैक्षिक योग्यता : दश जोड २ वा सो सरह ।

५) निवेदन विद्यालय खुलेको समयमा मात्र लिईने छ ।

६) निवेदन दस्तुर रु. ५०० लिइने छ । (पाँच सय रुपैया)

७) म्याद नाघेर आएको निवेदन दर्ता गरिने छैन् ।

८) परीक्षाको मिति निवेदनको म्याद समाप्त भएपछि जानकारी गराईने छ ।

९) परिक्षाको किसिम : लिखित र अर्न्तवार्ता ।

१०) परीक्षामा आउदा शैक्षिक योग्यता र अन्य कागजातका सक्कलहरु पनि लिई आउनु पर्ने छ ।

११) निवेदन दिने मिति : २०७३/०५/२६ सम्म

शिक्षक सेवा आयोगको करार सूचिमा रहेका उमेदवारहरुले २०७३ भदौ १९ गते सम्म दरखास्त दिनु पर्नेछ । सो अनुसार हुन सकेमा प्रचलित शिक्षा निमावलीको नियम ९६(क) र नियम ९७ बमोजिम छनौट गरिने छ ।

**प्रधानाध्यापक**

**सम्पर्क नं ९७४६७१७४०७, ९८०५२१८६१६, ९८२१३२६८५८**

# झाँगिदै.....

आफन्तहरू पनि अत्याधिक मदिरा सेवन गर्ने र सिरानीमा खुकुरी राखेर सुत्ने उनले मानसिक समस्या देखिएपछि यसअघि पनि आत्महत्याको प्रयास गरेका बताउँछन् ।

मदिराको सेवनले मानिस आफ्नै ज्यान लिने सम्मको गतिबिधि गर्न पछि पर्दैनन् भन्ने यो त एउटा उदाहरणमात्रै हो । मदिराको अन्यवस्थित बिक्री वितरण र अत्याधिक सेवनका कारण अपराध र हिंसा बढेको मात्र छैन्, स्वम ब्यक्तिको स्वास्थ्य, परिवार र समाजमा समस्या उत्पन्न भएको छ । अर्कोतर्फ मदिराकै कारणले करोडौ धनसम्पक्तिका मलिकहरू एकाएक 'रोड' सडकमा झरेको उदाहरण पनि छन् ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीमा पछिल्लो दुई आर्थिक वर्षमा दर्ता भएका करिब तिन सय मुद्दा मध्य अधिकांशको कारण मदिरासंग जोडिएको अनुसन्धानमा खटिएका प्रहरी अधिकृतहरूको भनाई छ । सार्वजनिक अपराध, घरेलु हिंसा, बलात्कार, आत्महत्या, कुटपिट, भवितव्य ज्यान, फुटकर ज्यान लगायत घटनाको कारण मदिरासंग जोडिने गरेको प्रहरी निरिक्षक गुरूले बताउनुभयो ।

'झगडा, सार्वजनिक अपराध, कुटपिट, घरेलु हिंसा र जवरजस्ती करणीको घटना हुनुको पछाडि मदिरा सेवन प्रमुख रूपमा देखिन्छ' निरिक्षक गुरूले भन्नुभयो । गत आर्थिक वर्ष २०७२र७३ मा ३० वटा घरेलु हिंसा, सात वटा जवरजस्ती करणी र २६ वटा सार्वजनिक अपराध सम्बन्धि मुद्दा प्रहरीमा दर्ता भएका थिए ।

मदिराको नशाले मानिसलाई भावनात्मक र उत्तेजीत हँदै अपराध गर्ने तहसम्म उद्येलीत गरेको पाईन्छ । सुरक्षा अधिकारीहरू मेलाजात्रा र मदिरा म्याग्दीको प्रमुख सुरक्षा चुनौती भएको बताउँछन् । मदिरामा हुने अल्कोहलका कारण तत्कालै उत्तेजना सिर्जना भई शरीरमा फुर्ती र सक्रीयता बढ्न थाल्छ ।

अल्कोहलको नशाले छुदै जाँदा मानिसमा आफू शक्तिशाली र सर्वमान्य भएको भावना जाग्ने, कसैको डर नमान्ने, अनावश्यक कुराहरू बोल्ने, निहुँ खोजेर झगडा गर्ने अवस्थामा पुऱ्याउने गरेको चिकित्सकहरू बताउँछन् ।

इथेनोल र मिथेनोल तत्वको प्रभावले मदिरा सेवन गरेको मानिस अनियन्त्रित भई अस्वभाविक गतिबिधि गर्छ । कतिपय मानिसहरू मदिरा सेवन गरेर बेहोस भई अस्पताल सम्म उपचार गराउन आउने गरेको जिल्ला अस्पताल म्याग्दीमा कार्यरत चिकित्सक अजयराज गौतमले बताउनुभयो ।

'मदिरा सेवनले स्वास्थ्यमा तत्कालीन र दिर्घकालीन दुवै किसीमको असर गर्छ' डाक्टर गौतमले भन्नुभयो 'ग्यास्ट्रिक, एसाईटिस, उच्च रक्तचाप, हेपाईटाइटीस, जण्डीस, सुगर, पक्षघात, कलेजोको क्यान्सर हुनुको मुख्य कारण मदिरा सेवननै हो ।'

अल्कोहलले सबैभन्दा पहिले कलेजोमा संक्रमण निम्त्याउने, पछि सबै अंगहरूमा असर गर्दै ज्यानै जाने डाक्टर गौतमको भनाई छ । म्याग्दीमा मदिरा सेवनका कारण स्वास्थ्य समस्या उत्पन्न भएर उपचारका लागि अस्पतालमा आउने बिरामीहरूको संख्या बढीरहेको चिकित्सक गौतमले बताउनुभयो ।

उहाँका अनुसार बढी मात्रामा विपन्न, शिक्षाको पहुँच नपुगेका र दुर्गम क्षेत्रका साथै महिलाहरू पनि अत्याधिक मदिरा सेवनका कारण उत्पन्न स्वास्थ्य समस्याबाट पीडित भएका छन् । मदिरा सेवन गरेर सवारी चलाउँदा दुर्घटना भएको, यात्रा गर्ने क्रममा भिरबाट लडेर ज्यान जाने, घाइते, अपाङ्गता हुनेहरूको संख्या पनि उत्तिकै छ ।

एक पटकमा बढीमा तिस मिलिलिटर सम्म अल्कोहल भएको मदिरा पिउँदा बिशेष गरी मुटुलाई भने फाईदा गर्ने र स्वास्थ्यलाई खतरा नहुने बताउने एकाथरीको भनाई छ । मदिराको लतले मानिसको स्वास्थ्यका साथै पारिवारिक कलह, महिला हिंसा, साथीभाईसंग सम्बन्ध बिग्रने मात्र नभइ आर्थिक हानी नोक्सानी पनि उत्तिकै हुने गरेको छ । समाजमा ज्याला मजदुरी गरेर कमाएको देखि बाबुबाजेले जोडेका पुर्ख्यौली सम्पत्ती मदिरामै सिध्याउनेहरू पनि यदाकदा भेटिन्छन् ।

मदिरा सेवन गर्ने ब्यक्तिले परिवारको साथै आफन्त र समाजलाई पनि तनाव दिईरहेका हुन्छन् । सामाजिक, आर्थिक, स्वास्थ्य लगायत हरेक हिसाबले नकारात्मक असर पार्ने भएपनि मदिरा पारखीसंगै यसको ब्यापार भने बढ्दो क्रममा छ । मदिरा उत्पादन गर्ने राष्ट्रिय स्तरका कम्पनीहरूको जिल्लामा रहेका डिलर हरूका अनुसार गत आर्थिक वर्ष २०७२र७३ मा म्याग्दीमा तिस करोड रूपैयाँ भन्दा बढीको मदिरा भित्रीएको छ ।

यसमा जिल्लामा भित्र्ने बहुराष्ट्रिय कम्पनीका उत्पादन र घरेलु मदिराको कारोबार जोड्दा वार्षिक पचास करोड रूपैयाँ बराबरको मदिराको कारोबार हुने अनुमान होटल तथा रेष्टुरेष्ट ब्यवसायी संघका अध्यक्ष गोपाल पौडेलको छ । राष्ट्रिय स्तरका कम्पनीहरूका बेनीमा रहेका छ वटा डिलर र दुई वटा होलसेल बिक्रेताहरूले उपलब्ध गराएको गत वर्षको कारोबार विवरण अनुसार मदिरा आयातका लागि जिल्लाबाट कम्तीमा तिस करोड रूपैयाँ बाहिरीएको हो ।

यसैगरी बागलुङका दुई वटा डिलरले पनि म्याग्दीमा मदिराको कारोबार गर्दै आएका छन् । पर्यटकीय क्षेत्र घोडेपानी, भुरूङ तातोपानी, दाना लगायतका ठाउँका साथै बेनीका केही होटलहरूमा पोखरा, काठमाडौ बाट बिदेशी कम्पनीका विभिन्न ब्राण्डका मदिराहरू भित्र्ने गरेको ब्यवसायी बताउँछन् । कम अल्कोहलको मात्रा हुने बियरको खपत जिल्लामा बढी मात्रामा हुने गरेको छ । वार्षिक पन्ध्र देखि बिस करोड रूपैयाँ बराबरको बियर बिक्री हुने गरेको बिक्रेताहरू बताउँछन् ।

गोर्खा ब्रुअरी कम्पनीको अधिकृत बिक्रेता मुक्तिनाथ इन्टरप्राईजेजका सञ्चालक तारानाथ रेग्मीले दसै तिहार जस्ता ठूला चाडपर्व तथा मेलाजात्रा हुने असोज कात्तिक महिनामा बियरको बढी बिक्री हुने गरेको बताउनुभयो । 'आन्तरीक तथा बाह्य पर्यटक भित्र्ने, चाडवाड र मेलापर्व बढी पर्ने भएकाले असोज कात्तिकमा बियरको बिक्री बढी हुने गरेको छ' रेग्मीले भन्नुभयो ।

मुक्तिनाथसंगै बेनीमा रहेका श्रेया इन्टरप्राईजेज, शुभसन्देश स्टोर्स, दिगान्त इन्टरप्राईजेज, थगेश्वरी इन्टरप्राईजेज, बागलुङको जोर गणेश स्टोर्सले म्याग्दीमा मदिरा आयातको लागि विभिन्न कम्पनीको अधिकृत बिक्रेताको काम गर्दै आएका छन् । यसैगरी बागलुङबाट सरोज बानियाँ, बेनीमा द कम्पीलिट वाईन सप र भिमसेनटोलमा हालै खुलेको एउटा पसलले पनि मदिराको होलसेल ब्यापार गर्छन् ।

एउटा डिलर तथा होलसेल ब्यापारीले वर्षमा पचास लाख देखि साढे दश करोड रूपैयाँ सम्मको मदिरा बिक्री भएको जनाएका छन् । म्याग्दीमा मदिराको कारोबार उच्च छ भन्ने बुझ्न अघिल्लो वर्ष गोर्खा ब्रुअरीको अधिकृत बिक्रेता मुक्तिनाथ इन्टरप्राईजेजले जिल्लाबाट सबैभन्दा बढी कर तिरेको आधारमा पुरस्कृत हुनुलाई पनि लिन सकिन्छ ।

आर्थिक वर्ष २०७१र७२ मा आन्तरीक राजस्व कार्यालय पोखरामा १२ लाख ६६ हजार रूपैयाँ भ्याट तिरेको मुक्तिनाथ ईन्टरप्राईजेज जिल्लामा सबैभन्दा बढी कर तिर्ने कम्पनी हो । विभिन्न कम्पनीको 'बल्याक' र 'रेड' लेभलका मदिराको डिलर रहेको श्रेया इन्टरप्राईजेजका सञ्चालक राजन श्रेष्ठ जिल्लामा मदिराको उपभोक्तासंगै ब्यापार विस्तार र कारोबार बढ्दो क्रममा रहेको बताउनुहुन्छ ।

४२.२ प्रतिशतसम्म अल्कोहल रहने रेड र बल्याक लेभलका मदिराहरू हिउँद र जाडो महिनामा बढी खपत हुने गर्छ । म्याग्दीमा न्युनतम २५ रूपैयाँ प्रतिवोत्तल मूल्य पर्नेदेखि प्रतिवोत्तल सात हजार पाँच सय रूपैयाँ पर्ने ब्राण्ड अनुसारको मदिराको ब्यापार हुन्छ । बजार र कालीगण्डकी क्षेत्रमा महँगो मूल्यका बढी मदिरा बिक्री हुन्छ । कम मूल्यमा पाईने तर कडा किसीमका मदिराहरूको बढी खपत दरवाङ क्षेत्रमा हुने ब्यापारीहरूले बताएका छन् ।

आर्थिक हैसीयत र क्षमत्ता अनुसार मानिसहरू मदिराको उपभोग गर्छन् । महिलाहरूका लागि पनि छुट्टै ब्राण्डका 'वाईन'को उत्पादन हुन्छ । उद्योगी, ब्यापारी, कर्मचारी, बैदेशिक रोजगारीबाट फर्कीएका, भुपु सैनीक, जागीरे युवा देखि मजदुर, कृषक सबै वर्ग र समुदायमा मदिरा संस्कार झाँगिदो छ ।

'मानिसले सुख पर्दा र सुखी हुँदा मात्र होईन् दुःख, पीडा र अप्ठ्यारो परिस्थितीलाई सामना गर्न पनि मदिराको साथ लिन्छन' बेनीको द कम्पीलिट वाईन सपका सञ्चालक कृष्ण थापाले भन्नुभयो । मदिरा सेवनकर्ताहरू रोचक देखि दुःखद घटनाहरूको बाहना र बाध्यता सुनाउँछन् ।

मगर, थकाली, गुरूङ, छन्त्याल समुदायको संस्कारगत कार्य र चाडपर्वमा घरेलु मदिरालाई प्रसादको रूपमा देवता तथा पितृलाई चढाउने चलन छ । मतवाली समुदायमा मदिराको उपभोग परम्परागत हिसाबले छुट छ । छोरीचेली माईत भेट्न मदिरा लिएर जाने चलन छ । अन्य समुदायका ब्यक्तिहरू पनि मदिराप्रेमबाट टाढा छैनन् ।

आयातीतको तुलनामा म्याग्दीमा उत्पादन हुने घरेलु मदिराको माग बढी हुने गरेको होटल तथा रेष्टुरेष्ट ब्यवसायीहरू बताउँछन् । आन्तरीक पर्यटक देखि नियमित मदिरा सेवन गर्नेहरूले सस्तो र स्वस्थ्यकर हुने भएकाले कोदो, उवा, गहुँबाट बनाएको घरेलु मदिरा खोज्ने गरेको होटल तथा रेष्टुरेन्ट ब्यवसायी संघका अध्यक्ष पौडेलले बताउनुभयो । कानुनले प्रतिबन्ध लगाएपनि घरेलु मदिराको उत्पादन र जाँड बनाउन प्रयोग हुने मर्चाको ब्यापार भित्रभित्रै चलीरहेको छ । घरेलु मदिरा उत्पादनमा महिलाहरूको संलग्नता बढी छ ।

आर्थिक रूपमा विपन्न र गरिब समुदायका कतिपय महिलाहरूले मदिरा उत्पादन गरि बेचेर घरखर्च चलाउने तथा छोराछोरी पढाउने आर्थिक जोहो गर्न बाध्य छन् । मदिरा उत्पादन र ब्यापारमा संलग्न महिलाहरू हिंसाको जोखिममा परेका छन् । म्याग्दीमा उत्पादन हुने कोदो, गहुँ र उवा मदिरा बनाउन जिल्ला बाहीर समेत निकासी हुने गरेको छ ।

यकिन तथ्याङ्क र विवरण नभएपनि कोदो, गहुँ र उवाबाट घरेलु मदिरा बनाउने परम्परागत चलन रहेको जिल्ला कृषि विकास कार्यालयकी योजना अधिकृत ज्योती क्षेत्रीले बताउनुभयो । कृषि प्राबिधिकहरूको भाषामा खाद्यान्नलाई मदिरा बनाउँदा गैरखाद्य कार्यमा प्रयोग भएको मानिन्छ ।

म्याग्दीमा वार्षिक पाँच हजार १९२ मेट्रिक्टन गहुँ, एक हजार ९८२ मेट्रिक्टन कोदो र १३२ मेट्रिक्टन उवा उत्पादन हुने तथ्याङ्क छ । ब्यापारीहरूका अनुसार स्थानीय खाद्यान्नको अलवा आयातित मसिना चामल र चिनी समेत घरेलु मदिरा बनाउने कच्चा पदार्थको रूपमा प्रयोग हुन्छ । लुकीछिपी चलिरहेको घरेलु मदिरा उत्पादन कार्यलाई कानुनी दायरामा ल्याएर ब्यवस्थित बनाउनुपर्ने आवाज पनि उठिरहेको छ ।

मदिराको कारोबार र बिक्रीवितरण भने पूर्ण रूपमा कानुनी दायरामा आउन तथा ब्यस्थित बन्न सकेको छैन् । सरकारले मदिरा र सुर्तीजन्य पदार्थको कारोबार गर्न कोष तथा लेखा नियन्त्रणको कार्यालयबाट अनुमति लिनुपर्ने र वार्षिक रूपमा नविकरण गर्नुपर्ने नियम बनाएको छ ।

चालु आर्थिक वर्ष २०७३र७४ का लागि जिल्लामा मदिरा तथा सुर्तीजन्य पदार्थको कारोबारका लागि भदौ १० गतेसम्म पुरानो ईजाजत नविकरण तथा नयाँ लिनेको संख्या १७८ जना रहेको कोष तथा लेखा नियन्त्रक युवराज पौडेलले बताउनुभयो ।

मदिराको करोबारका लागि नयाँ ईजाजत जारी र नविकरण वापत आठ लाख ९४ हजार ३७५ तथा सुर्तीको ईजाजत जारी गरेवापत ९० हजार रूपैयाँ राजस्व संकलन भएको छ । कारोबारको प्रकृती र क्षेत्र अनुसार न्युनतम तिन हजार देखि ३० हजार रूपैयाँ वार्षिक कर तिर्नुपर्ने ब्यवस्था छ । हरेक वर्षको साउन महिनाभित्र अनुमतीपत्रको नविकरण गर्नुपर्छ । त्यसपछि नविकरण गर्ने जरिवानामा पर्छन् ।

घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका एक हजार ५१९ वटा ब्यवसायिक फर्म मध्य अधिकांशले मदिरा तथा सुर्तीजन्य बस्तुको कारोबार गरेको पाइन्छ । मदिरा तथा सुर्तीजन्य पदार्थको कारोबारलाई ब्यवस्थित र कानुनी दायरामा ल्याउन बजार अनुगमन र सचेतनामुलक कार्यक्रम गरिरहेको कोष नियन्त्रक पौडेल बताउँनुहुन्छ ।

# पिस सिटीद्वारा बोधिचित्तको विरुवा रोपण

■ नवविकल्प

हालैमात्र बेनीमा गठन भएको लायन्स क्लब अफ बेनी पिस सिटीको आयोजनामा शनिबार विहान बोधित्तिको विरूवा रोपण गरिएको छ ।

लायन्स क्लबमा आवद्ध सदस्य र स्थानीयवासीहरूको सहभागितामा बेनी नगरपालिका ५ डम्बरामा रहेको शिव मन्दीरको गुठी क्षेत्रमा ३५ वटा बोधिचित्तको विरूवा रोपण गरिएको लायन्स क्लब अफ बेनी पिस सिटीका अध्यक्ष राजेश शाक्यले बताउनुभयो । क्लबको वार्षीक कार्यक्रम अनुसार बोधिचित्तको विरूवा रोपिएको उहाँले जानकारी दिनुभयो ।

पछिल्लो समय बोधिचित्तको महत्व बढ्दै जानथालेको र अन्तराष्ट्रिय बजारमा माग उच्च भएकाले समुदायस्तरमा बोधिचित्तको ब्यवसायिक खेतिको संभावना देखाउनका लागि विरूवा रोपिएको उहाँले बताउनुभयो ।

म्याग्दी उद्योग बाणिज्य संघका महासचिव समेत रहनुभएका शाक्यले म्याग्दीमा पनि बोधिचित्तको ब्यवसायिक खेतिको राम्रो संभावना भएको बताउनुभयो । रोपिएका विरूवाहरूको संरक्षणमा समुदायले अग्रसरता लिने डम्बराका स्थानीयवासी तथा समाजसेवी कृष्ण बानियाँले बताउनुभयो ।

बोधिचित्त माला (बोलीचालीमा बुद्धचित्त) तामाङ समुदाय र विशेषगरी तिब्बती तथा चिनियाँ समाजमा धार्मिक एवं सांस्कृतिक प्रयोगमा आउने जप गर्ने माला हो । यो एक प्रकारको वनस्पतिमा फल्ने गर्दछ । खास गरी परापुर्वकाल देखी काभ्रेको तिमाल क्षेत्रमा मात्रा यसको विरूवा पाइने गरेको थियो । यसको प्रयोग र महत्व बारे हाल आएर ब्यापक चर्चा भईरहदा उच्च बजारमूल्यले गर्दा किसान र ब्यवसायीलाई अत्यन्तै फाईदा भैरहेको छ । अत्याधिक माग र उच्चा मुल्यको कारण ब्यवसायिक खेति गर्ने थालिएको छ ।

बयर प्रजातिको एक प्रकारको हल्का काडा हुने रूख जसको उत्पत्ति काभ्रेको टिमल क्षेत्र हो । बोधिचित्त जसको माग चीन, ताइवान, कोरिया , सिंगापुर उच्च छ । बोधित्तिको खेति गर्ने किसानहरूले वार्षिक लाखौं आम्दानी गर्ने गरेको पाइएको छ । यसको प्रति विरूवा पाँचसय रूपियाँ पर्दछ ।

# मजदुर ....

अबतार गर्बुजा, पिप्लेका सुरज भण्डारी, मल्कवाङका नन्दबहादुर छन्त्याल, बेनपा ७ की नरदेवी शेरचन र कास्की ल्वाङ घलेलका शंकर क्षेत्रीले आइतबार प्रशासनमा दर्ता गराएको निवेदनमा ठेकेदारद्धयले १७ लाख ९९ हजार ५० रूपैयाँ ठगी गरेको उल्लेख छ । आयोजनाको काम सकिएको डेढ महिनासम्म पनि ठेकेदारले ज्याला, निर्माण सामाग्री र ईन्धन ढुवानी, कम्प्रेसर मेसीनको भाडा वापतको रकम नदिएको पीडितहरूले बताएका छन् । जिविसले प्रदिप सापकोटा सञ्चालक रहेको रामकृष्ण कन्ट्रक्सनसंग ३६ लाख ३२ हजार ९१० रूपैयाँमा सम्झौता गरेको उक्त योजनाको काम गर्ने जिम्मेवारी लिएका मल्लले पुनलाई सुपरभाईजरको रूपमा खटाएका थिए ।

पाँच महिनासम्म काम गरेको एक रूपैयाँ पनि ज्याला नपाएको बताउँदै सुपरभाईजर पुनले मजदुरहरूलाई ज्याला दिन नसक्दा आफू पनि अप्ठ्यारोमा परेको गुनासो गर्नुभयो । पुनका अनुसार मल्लले कामदार लाई ज्याला र ढुवानी भाडा वापत चार लाख रूपैयाँ दिन बाँकी छ । मासिक दुई लाख असी हजार रूपैयाँ तिर्ने मौखीक सहमतीमा कास्कीको फेवा कन्ट्रक्सनको कम्प्रेसर मेसीन भाडामा ल्याएका थिए । निर्माण ब्यवसायी मल्लले पाउनुपर्ने रकम सापकोटाले नदिएका कारण मजदुरले ज्याला समयमा पाउन नसकेको एक मजदुरले बताए । उनले भने रामकृष्ण कन्ट्रक्सन नै गैरजिम्मेवार भइदिँदा समस्या आएको हो ।

कम्प्रेसर मेसीनको सहयाताले दुई हजार ३२७.८९ घनमिटर पहाड फुटाएका ब्यवसायी मल्लले सो मेसीनको भाडा पनि तिरेका छैनन् । यसैगरी ४९८.७३ घनमिटर माटो कटान गरिएको छ । जिविसले कम्पनीलाई सम्झौता अनुसारको सबै रकम भुक्तानी गरिसकेको जनाएको छ ।

ब्यवसायी मल्लले केही मजदुरको ज्याला दिन बाँकी रहेको स्विकार गरेपनि दिने, नदिने विषयमा प्रतिक्रिया दिन मान्नुभएन् । सापकोटाले सो ठेक्काको कारोबारको सबै अधिकार लोकबहादुर मल्ललाई दिएको र पैसा पनि उनलेनै बुझेको दावी गर्नुभयो । सापकोटा र मल्लको पुरानो लेनदेन बिवादको कारणले आयोजनाका मजदुरले ज्याला नपाएको बताइएको छ ।

प्रमुख जिल्ला अधिकारी केशवराज आचार्यले काम गरेबापतको ज्याला र मेसिनको पैसा नपाएको भन्दै लिखित गुनासो आएको र उक्त बिषयका सम्बन्धमा दुबै पक्षलाई राखेर छलफल गर्ने बताउनुभयो । यसैबीच दवाङ भिरमा सडक निर्माण गर्न गत आर्थिक वर्षमा जिविसले उपभोक्ता समितिसँग श्रमदानसहित थप १५ लाख रूपैयाँको योजना सम्झौता गरेपनि काम हुन नसकेपछि आधा भन्दा बढी बजेट फ्रिज भएको छ ।

उपभोक्ता समितिले एक हजार २६९.६८ घनमिटर पहाड कटिङ गरेर सडक ट्याक बनाउने सम्झौता भएकोमा ४९९.१३ घनमिटर मात्र काम भएको जिविसका प्राबिधिक कमल चोखालले बताउनुभयो । उपभोक्ता समितिको लापरबाही र ढिलासुस्तीका कारण आठ लाख ६७ हजार ६३ रूपैयाँ फिर्ता भएको हो ।



म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०५/०७१/०७२



# वेष्ट पोइन्टमा भलिबल प्रतियोगिता

■ नवविकल्प



न्यु वेष्ट पोइन्ट आवासीय उच्च माविमा भलिबल प्रतियोगिता सम्पन्न भएको छ ।

बिद्यालयद्धारा भदौ ७ गते देखि १० गते सम्म आयोजना गरिएको खेलमा कक्षा ११ देखि बिबिएस सम्मका छात्रा तर्फ ४ टिम र छात्र तर्फ १२ टिमको सहभागिता रहेको थियो । शुक्रबार सम्पन्न फाईनल खेलमा छात्रा तर्फ कक्षा १२ को दिवा समुहलाई लगातार ३ सेटमा पराजित गर्दै कक्षा ११ बि प्रथम र छात्र तर्फ बि बि एस समुहले कक्षा ११ बि लाइ ३ - १ सेटमा पराजित गर्दै प्रथम भएको छ ।

प्रथम द्धितिय हुने टिमलाइ आइतबार पुरस्कार वितरण गरिने कलेज संयोजक केशब प्रसाद पौडेलले बताउनु भयो । मुख्य रेफ्री तथा खेल शिक्षक दिपेन राइ, खेलको संयोजन गर्ने स्टार क्लबका सम्पूर्ण सदस्यहरू, लेक्चररहरू गोबिन्द सुबेदी, बिजय पौडेल खगेन्द्र शर्मा राजेन्द्र नेपाल लगायत लेक्चररहरू लाई खेल सम्पन्न गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेकोमा प्राचार्य गङ्गाप्रसाद खतिवडाले धन्यवाद ज्ञापन गर्नु भएको छ ।

फाइनल तथा समापन कार्यक्रममा वेष्ट पोइन्ट एजूकेशन फाउन्डेसनका अध्यक्ष सुबास कुमार श्रेष्ठ, शिक्षक अभिभावक संघका अध्यक्ष दिल कुमार श्रेष्ठ, लगायत अभिभाबाकहरूको उपस्थिति रहेको वेस्ट पोइन्ट मिडिया हबका संयोजक कृष्ण जिसीले बताउनुभयो ।

# एभरग्रीन कपको उपाधि आयोजकलाई

■ नवविकल्प




बेनीमा शनिबार सम्पन्न भएको दोस्रो एभरग्रिन कप सेभेन ए साईड खुल्ला फुटबल प्रतियोगिताको उपाधि आयोजक एभरग्रिन युथ कल्वले जितेको छ ।

बेनीको खुल्ला मञ्चमा भएको फाईनल खेलमा जनप्रिय भुपु विद्यार्थी कल्ब दरवाङलाई पराजित गर्दै आयोजकले उपाधिमा कब्जा जमाएको हो । निर्धारीत साठी मिनेटमा दुवै तर्फबाट एक/एक गोल हानेपछि खेल पेनाल्टी सुटआउटबाट टुङ्गीएको थियो । पेनाल्टी सुटआउटमा एभरग्रिनले तिन र जनप्रियले एक गोल गरेका थिए । खेल सुरू भएको १२ औं मिनेटमा जनप्रियको तर्फबाट खगेन्द्र पुनले गोल गरेर अग्रता दिलाएका थिए । ३७ मिनेटमा एभरग्रिनका बिजय श्रेष्ठले गोल गरेपछि आयोजकले जनप्रियलाई दबावमा पारेको थियो ।

चार दिनसम्म सञ्चालन भएको प्रतियोगिताको बिजेता र उपबिजेताले ट्रफी, मेडल र प्रमाणपत्र सहित नगद ५१ हजार १११ र २८ हजार ८८८ रूपैयाँ नगद पुरस्कार हात पारेका छन् । ३२ टिम सहभागी प्रतियोगितामा जनप्रियका खगेन्द्र पुन उत्कृष्ट खेलाडी र रिवल म्याग्दीका अशोक नेपाली सर्वाधिक गोलकर्ता बनेका छन् । एभरग्रिनका विजय श्रेष्ठ, अनील तामाङ र भुपाल घलेले उत्कृष्ट स्टाईकर, डिफेण्डर र गोलरक्षकको पुरस्कार प्राप्त गरेका छन् । मनसुन युवा कल्व चुत्रेनीलाई अनुशाषित टिम घोषणा गरिएको थियो ।

बिजयी टिमका खेलाडीहरूलाई प्रमुख अतिथि अमीत तुलाचन, एभरग्रिन युथ कल्वका अध्यक्ष सोभन श्रेष्ठ, बागलुङ भगवती यातायात सेवाका प्रतिनिधि राम केसी लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

शान्ति सन्देश
स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट
सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।
मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ
मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र कन्ये च्याउको उपभोग गरौ ।
झोलाका लागिः सगरमाथा लघुउद्यमी समूह, मुदी
स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी
सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ
अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ

कम्प्युटर तथा छपाइ सम्बन्धी सम्पूर्ण कामका लागि
शर्मा डेस्कटप
मो.नं. ९८५७६२१५६०

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?
- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरूका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....
बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी फोन: ०६९-५२०३६०
न्युरोड, पोखरा (भाटभटेनी सँगै) फोन: ०६१-५२७४२०
DIGJAM OCM Raymond

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286